# हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# लगानी नीति, २०८०

**प्रस्तावना**

कम्पनीले परिचालन गरेको रकमको कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिम सुरक्षित, दक्षतापूर्ण एवम् प्रभावकारी रुपमा प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्न तथा लगानी सम्बन्धी निर्णय प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउन कम्पनीको सञ्चालक समितिले नियमावलीको नियम ४९ को उपनियम (२) को अधिकार प्रयोग गरी "हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, लगानी नीति, २०८०" स्वीकृत गरी लागू गरेको छः

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस नीतिको नाम "हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, लगानी नीति, २०८०" रहेको छ।

१.२ यो नीति सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,

(क) "एकल ग्राहक कर्जा सीमा" भन्नाले कम्पनीबाट प्रचलित कानून वमोजिम स्थापना भएको कुनै कम्पनी वा सोको सहायक कम्पनी वा सो कम्पनी स्थापना गर्ने कुनै व्यक्ति वा समूह मुख्य प्रवर्द्धक रहेको अन्य कम्पनीलाई एकल वा सहवित्तीयकरण वा संयूक्त रुपमा प्रदान गर्न सकिने कर्जाको अधिकतम सीमालाई सम्झनु पर्छ। यस प्रयोजनका लागि मुख्य प्रवर्द्धक भन्नाले १०% वा सो भन्दा बढी शेयर धारण गरेको, सञ्चालक समितिमा अध्यक्ष वा सञ्चालक रहेको, कार्यकारी प्रमुख भई कार्य गरेको वा ऋणमा जमानत प्रदान गरेको अवस्थालाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले जलविद्युत तथा नविकरणीय ऊर्जाको उत्पादन, प्रसारण वा वितरण गर्ने आयोजनालाई सम्झनु पर्छ। सो शब्दले त्यस्तो आयोजना सञ्चालन गर्ने वा जलविद्युत तथा नविकरणीय ऊर्जाको व्यापार वा प्राविधिक परामर्शको व्यवसाय गर्ने उद्देश्यले स्थापना भएको कम्पनी वा संगठित संस्थालाई समेत जनाउने छ।

(ग) "कम्पनी" भन्नाले हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडलाई

सम्झनु पर्छ।

(घ) “कर्जा लगानी” भन्नाले कम्पनीबाट आयोजनामा एकल रुपमा वा अन्य बैंक तथा वित्तीय संस्थासँग सहवित्तीयकरण अन्तर्गत रहेर गरिने कर्जा लगानीलाई सम्झनु पर्छ।

(ङ) “पूँजी कोष” भन्नाले कम्पनीको चूक्ता पूँजी, अवितरित मुनाफा तथा जगेडा कोषमा छुट्याईएको रकमको योगलाई सम्झनु पर्छ।

(च) “प्रत्यक्ष कर्जा” भन्नाले कम्पनी एक्लैले कुनै आयोजना विकास वा सञ्चालन गर्न प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(छ) “प्रमुख कार्यकारी अधिकृत” भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ। साथै, सो शब्दले कम्पनीको दैनिक कार्य सञ्चालन गर्न सञ्चालक समितिबाट जिम्मेवारी पाएको निमित्त वा कायम मुकायम प्रमुख कार्यकारी अधिकृतलाई समेत जनाउने छ।

(ज) “बैंक वा वित्तीय संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक वा वित्तीय संस्था सम्झनु पर्छ। सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका निक्षेप वा नियमित योगदान स्वीकार गर्ने संस्था, वीमा कम्पनी र पूर्नबीमा कम्पनीलाई समेत जनाउनेछ।

(झ) “संयुक्त कर्जा” भन्नाले कुनै कम्पनी वा संस्था वा त्यस्तो कम्पनी वा संस्थाले सञ्चालन गरेको कुनै परियोजनालाई कम्पनीले अन्य संस्थागत लगानीकर्तासँग मिली अलग अलग धितो लिई वा एउटै धितो परिपासू गरी प्रवाह भएको कर्जा सम्झनु पर्छ।

(ञ) “सहवित्तीयकरण कर्जा” भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका बैंक वा वित्तीय संस्थासँग मिलेर पारिपासुको आधारमा जोखिम तथा धितो विभाजन हुने गरी आयोजनालाई प्रवाह भएको कर्जा सम्झनु पर्छ।

(ट) “स्वपूँजी लगानी” भन्नाले कम्पनीबाट आयोजनाको शेयरमा भएको लगानीलाई सम्झनु पर्छ। यस शव्दले आयोजनामा भएको लगानीको स्वपूँजीको अंशलाई समेत जनाउनेछ।

## ३. मार्गदर्शक सिद्धान्तः

३.१ प्रचलित कानून, कम्पनीको प्रवन्धपत्र तथा नियमावली एवम् नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मार्गदर्शनको अधिनमा रही कम्पनीले परिचालन गरेको रकम सुरक्षित र न्यून जोखिमयुक्त हुने, लगानीकर्तालाई उपयुक्त प्रतिफल दिने, कम्पनीको लगानीको विविधिकरण

हुने तथा नेपाल सरकारको हरित ऊर्जाको लक्ष्य पुरा गर्न सहयोग गर्ने सिद्धान्तबाट कम्पनीको लगानी नीति निर्देशित हुनेछ।

## ४. उद्देश्यः

४.१ लगानीका सम्भावित जोखिमहरुको पूर्वानुमान, पहिचान र न्यूनिकरण गर्दै कम्पनीले परिचालन गरेको वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापुर्ण परिचालनको माध्यमबाट उपयुक्त लगानी संरचना निर्माण गरी लगानीकर्तालाई न्यायोचित प्रतिफल प्रदान गर्नु यस नीतिको मुलभूत उद्देश्य हुनेछ। अन्य उद्देश्य देहाय बमोजिम हुनेछन्ः

(क) लगानीमा अन्तर निहित जोखिम तथा प्रतिफलको मूल्याङ्कनको आधारमा उच्चतम प्रतिफल प्राप्तिको निमित्त उपयुक्त लगानी संरचनाको पहिचान गर्ने,

(ख) लगानी सम्बन्धी निर्णयको मापदण्ड र प्रक्रियालाई सरल, स्पष्ट र पारदर्शी बनाई लगानी विस्तार र विविधिकरण गर्ने,

(ग) वित्तीय स्रोतको परिचालनको प्रभावकारिता अभिवृद्धि गरी तरलता व्यवस्थापनलाई चुस्त बनाउने।

(घ) लगानी पूर्व गरिने आयोजना विश्लेषण तथा मूल्याङ्कन एवम् लगानी प्रवाह र आयोजना सञ्चालनको क्रममा हुने आयोजनाको अनुगमन तथा मुल्यांकनका माध्यमबाट लगानी जोखिमको पूर्वानुमान, पहिचान र न्यूनिकरणलाई प्रभावकारी बनाउने।

## ५. रणनीतिः

५.१ लगानी प्रवर्द्धनः

(क) लगानीयोग्य आयोजनाहरुको पहिचानका लागि नेपाल सरकारका निकाय, जलविद्युत एवम् ऊर्जासँग सम्बन्धित सार्वजनिक संस्था तथा सरोकारवाला निकायहरु, नीजि क्षेत्रका ऊर्जा उत्पादक संस्थाहरु लगायतका निकायहरुसँग सहकार्य गर्ने।

(ख) ऋण लगानीका लागि सहवित्तीयकरण गठन गर्न वाणिज्य बैंकहरु, पूर्वाधार विकास बैंकहरु, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका अन्य सरकारी तथा नीजि बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गर्ने।

(ग) लगानी सम्बन्धी निर्णय प्रक्रियालाई वस्तुनिष्ठ र छिटो छरितो बनाउने।

५.२ वित्तीय स्रोत परिचालनः

(क) लगानीका लागि आवश्यक वित्तीय स्रोतको उपलब्धता सुनिश्चित गर्न वित्तीय योजनाका आधारमा वित्तीय स्रोत योजना तयार गरी कार्यान्वयन गर्ने।

(ख) अन्य वित्तीय उपकरणहरु (Financial Instruments) बाट तुलनात्मक रुपमाकम लागत भएको र दीर्घकालीन प्रकृतिको वित्तीय स्रोत परिचालन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गर्ने।

५.३ लगानी जोखिम व्यवस्थापनः

(क) लगानी पूर्व गरिने आयोजना विश्लेषण तथा मूल्यांकन एवम् लगानी प्रवाह र आयोजना सञ्चालनको क्रममा हुने आयोजनाको अनुगमन तथा मुल्यांकनका माध्यमबाट लगानी जोखिमको पूर्वानुमान, पहिचान र न्यूनिकरण व्यवस्थित बनाउने।

(ख) लगानी जोखिम न्यूनिकरणका लागि निर्णय प्रकृयालाई सरल, स्पष्ट, पारदर्शि र पूर्वानुमानयोग्य बनाउने।

५.४ क्षमता विकासः

(क) प्रभावकारी रुपमा लगानी व्यवस्थापन गर्न सक्ने गरी कम्पनीको संस्थागत क्षमता र विश्वसनियतामा अभिबृद्धि गर्ने।

(ख) लगानी दक्षता अभिबृद्धिका लागि संस्थागत क्षमता र मानव संशाधनको विकास गर्ने।

## ६. **प्राथमिकताः**

कम्पनीले परिचालन गरेको वित्तीय स्रोतको उपयोग गर्दा लगानीका लागि उपलब्ध अवसरहरु एवम् लगानीको प्रतिफल, सुरक्षा, जोखिम र लगानीको संरचना समेतलाई दृष्टिगत गरी मूलतः देहायका क्षेत्रमा प्राथमिकताका साथ लगानी गरिनेछः-

६.१ ऋण लगानीः

(क) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका सार्वजनिक निकाय वा त्यस्ता निकायले स्थापना गरेका कम्पनीले प्रवर्द्धन गरेका आयोजनाहरु,

(ख) नेपाल सरकारबाट प्राथमिकता प्राप्त आयोजनाहरु,

(ग) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता सार्वजनिक

निकाय वा वाणिज्य बैंक वा पूर्वाधार विकास बैंक सहभागी भएको सहवित्तीयकरणको माध्यमबाट लगानी हुने आयोजनाहरु,

(घ) ऋण लगानीमा वैदेशिक लगानी वा वैदेशिक विकास साझेदारहरु संलग्न रहेका आयोजनाहरु,

(ङ) कम्पनीको नेतृत्वमा गठन हुने सहवित्तीयकरण मार्फत लगानी हुने आयोजनाहरु,

(च) नीजि क्षेत्रका अनुभवी प्रवर्द्धकवाट विकास हुने आयोजनाहरु,

(छ) आयोजना प्रवर्द्धक कम्पनीले आयोजना विकासका लागि जारी गरेको सुरक्षित ऋणपत्रमा हुने लगानी।

६.२ शेयर लगानीः

(क) नेपाल सरकारबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु,

(ख) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका सार्वजनिक निकाय वा त्यस्ता निकायले स्थापना गरेका कम्पनीले प्रवर्द्धन गरेका आयोजनाहरु,

(ग) सार्वजनिक तथा नीजि क्षेत्रका अनुभवी प्रवर्द्धकबाट विकास हुने आयोजनाहरु,

(घ) शेयर लगानीमा विदेशी लगानीकर्ता सहभागी भएका आयोजनाहरु।

६.३ आयोजनाहरुको शेयर तथा ऋणमा लगानी गर्दा जोखिम र प्रतिफल समेतलाई दृष्टिगत गरी यथासक्य ठूला आयोजना तथा राष्ट्रिय महत्वका जलाशय एवम् अर्धजलाशययुक्त आयोजनाहरुलाई प्राथमिकतामा राखिने छ।

६.४ कम्पनीको लगानी संरचनामा आयोजनाको विकास तथा प्रशारण, वितरण, व्यापार तथा प्राविधिक परामर्श सम्बन्धी आयोजनाको लगानीमा यथासक्य सन्तुलन कायम हुने गरी लगानी प्रवाह गरिने छ।

६.५ माथि उल्लेखित प्राथमिकता कम्पनीको लगानी सम्बन्धी निर्णयको लागि सामान्य मार्गदर्शन (general guidelines) मात्र हुनेछन्। पछिल्लो प्राथमिकताक्रमको कुनै क्षेत्रमा लगानी गर्ने उपयुक्त र विश्वसनीय वातावरण सृजना भएमा वा त्यस्तो अवसर प्राप्त भएमा पछिल्लो प्राथमिकताक्रमको क्षेत्रमा लगानी गर्न कुनै बाधा पर्ने छैन।

## ७. लगानीका क्षेत्रः

७.१ प्रचलित कानून, कम्पनीको प्रवन्धपत्र तथा नियमावली एवम् नियामकीय मार्गदर्शनको अधिनमा रही कम्पनीबाट देहायको क्षेत्रमा लगानी प्रवाह हुनेछः-

(क) जलविद्युत तथा नविकरणीय ऊर्जा विकास सम्वन्धी आयोजनाहरु,

(ख) विद्युतको प्रशारण तथा वितरण सम्बन्धी आयोजनाहरु,

(ग) विद्युत व्यापार सम्वन्धी आयोजनाहरु,

(घ) आयोजना विकासको अध्ययन, डिजाईन, परामर्श, निर्माण सुपरीवेक्षण आदिको कार्य गर्ने निकायहरु।

## ८. ऋण लगानीको सीमाः

८.१ कम्पनीको प्रवन्धपत्र तथा नियमावली एवम् नियामकीय मार्गदर्शनको अधिनमा रही कम्पनीबाट कुनै आयोजनामा प्रवाह हुने कर्जाको अधिकतम सीमा कम्पनीको कूल पूँजी कोषको देहाय बमोजिमको प्रतिशत हुनेछः

| लगानीको क्षेत्र | सहवित्तीयकरणमा सहभागी भएर कर्जा प्रवाह गर्दा | सहवित्तीयकरणको नेतृत्व गरेर कर्जा प्रवाह गर्दा | आयोजनामा प्रत्यक्ष वा संयुक्त कर्जा प्रवाह गर्दा |
|---|---|---|---|
| सार्वजनिक क्षेत्रका आयोजनाहरु | २५ प्रतिशत | ५० प्रतिशत | २५ प्रतिशत |
| नीजि क्षेत्रका आयोजनाहरु | २० प्रतिशत | २५ प्रतिशत | २० प्रतिशत |

८.२ नीजि क्षेत्रबाट विकास हुने आयोजनाको हकमा एकल ग्राहक कर्जा सीमा कम्पनीको कूल पूँजी कोषको २५ प्रतिशत र सार्वजनिक क्षेत्रबाट प्रवद्र्धन हुने आयोजनाको हकमा ५० प्रतिशत हुनेछ। तर, नेपाल सरकारको अधिकांश स्वामित्व भएको निकायको सहायक कम्पनीले विकास गर्ने आयोजनामा कर्जा प्रवाह गर्दा सो निकायलाई एकल ग्राहक कर्जा सीमा लागू हुने छैन।

८.३ कुनै आयोजना विशेषका लागि अन्तराष्ट्रिय वित्तीय संस्थाहरु, विदेशी दातृ निकाय, विदेशी

लगानीकर्ता वा नेपाल सरकारबाट कम्पनी मार्फत लगानी गर्ने गरी वैदेशिक ऋण, लगानी वा अनुदान प्राप्त भएमा त्यस्तो ऋण, लगानी वा अनुदानको शर्त बमोजिम नै लगानीको सीमा कायम हुनेछ।

८.४ कुनै आयोजनामा सहवित्तीयकरणमा सहभागी भई वा सहवित्तीयकरणको नेतृत्वमा कम्पनीबाट प्रवाह हुने कर्जाको अधिकतम सीमा देहाय अनुरुप हुनेछः-

(क) सार्वजनिक निकायबाट विकास हुने आयोजनाको हकमा कूल ऋण रकमको अधिकतम ५० प्रतिशतसम्म।

(ख) निजी क्षेत्रबाट विकास हुने आयोजनाको हकमा कूल ऋण रकमको अधिकतम ३५ प्रतिशतसम्म।

८.५ सहवित्तीयकरणमा सहभागी भएर वा सहवित्तीयकरणको नेतृत्वमा जलविद्युत आयोजनामा कर्जा प्रवाह गर्दा कम्पनीको कर्जाको अंश रु. ५० करोड भन्दा कम हुने छैन। तर, कम्पनीबाट ऋण वा शेयर लगानी भएका जलविद्युत आयोजनाहरुको क्यास्केड आयोजना वा क्षमता अभिवृद्धि गर्ने गरी निर्माण हुने पूरक आयोजनाको हकमा यो न्यूनतम सीमा लागू हुनेछैन।

## ९. शेयर लगानीको सीमाः

९.१ कम्पनीको लगानीको क्षेत्र भित्रका कुनै पनि आयोजना वा कम्पनीमा शेयर लगानी गर्दा कम्पनीको लगानीको अंश आयोजनाको कुल शेयर पूँजीको २० प्रतिशत वा यस कम्पनीको कुल पूँजी कोषको १० प्रतिशत मध्ये जुन घटी छ सो सीमासम्म मात्र हुनेछ।

## १०. लगानीका शर्तहरुः

१०.१ कम्पनीबाट सहवित्तीयकरण कर्जा प्रवाह गर्दा देहायको शर्त पूरा गर्नु पर्नेछः

(क) कम्पनीको सहभागितामा प्रवाह हुने सहवित्तीयकरण कर्जाका शर्तहरु सहवित्तीयकरणको निर्णय बमोजिम हुनेछन्।

(ख) सहवित्तीयकरणमा सहभागी भई कर्जा प्रवाह गर्ने स्वीकृति प्रदान गर्दा कम्पनीले आवश्यक शर्तहरु तोक्न सक्नेछ। त्यस्ता शर्तहरुको अनुपालना सुनिश्चित हुने अवस्थामा मात्र कम्पनी सहवित्तीयकरणमा सहभागी हुनेछ।

(ग) सहवित्तीयकरणमा सहभागी भई कर्जा प्रवाह गर्दा कम्पनीबाट प्रवाह हुने कर्जाको अंश

सामान्यतः सहवित्तीयकरणको नेतृत्व गर्ने बैंक वा वित्तीय संस्थाले प्रदान गर्ने कर्जा भन्दा बढी हुने छैन।

(घ) आयोजनाको निर्माण अवधि सम्पन्न भए पश्चात अधिकतम १५ वर्ष भित्रमा कर्जा चूक्ता गर्न आवश्यक पर्ने नगद प्रवाहको सुनिश्चित हुनु पर्नेछ।

१०.२ कुनै आयोजनालाई सहवित्तीयकरणमा सहभागी नभई कम्पनीले प्रत्यक्ष वा संयुक्त कर्जा प्रवाह गर्ने भएमा त्यस्ता कर्जाका शर्तहरु कम्पनीले तोके बमोजिम हुनेछन्।

१०.३ कम्पनीबाट कुनै आयोजना विकास गर्ने उद्देश्यले स्थापना भएको कम्पनीमा शेयर लगानी गर्दा देहायका शर्तहरु पूरा भएको हुनु पर्नेछः

(क) आयोजनाको सम्भाव्यता अध्ययन भई लाभ, लागत र जोखिमको विश्लेषण गर्न सकिने अवस्था भएको हुनु पर्नेछ।

(ख) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा शेयर लगानी र सोबाट प्राप्त हुने प्रतिफललाई न्यूनतम १० प्रतिशतले बट्टा (Discount) गर्दा कायम हुने खुद नगद प्रवाहको वर्तमान मूल्य (Net Present Value) सकारात्मक हुनु पर्नेछ।

(ग) आयोजनाबाट हुने उत्पादन वा सेवाको बजार सुनिश्चित हुने गरी सम्वन्धित निकायसँग खरिद विक्रीको सम्झौता भएको हुनु पर्नेछ। तर, लगानी सम्बन्धी निर्णय गर्दा खरिद विक्रीको सम्झौता भईनसकेको हकमा आयोजनालाई लगानी रकम भुक्तानी गर्नुपूर्व सो सम्झौता भई सक्नुपर्ने शर्त तोकी लगानी स्वीकृत गर्न सकिनेछ।

(घ) कम्पनीले शेयर लगानी गर्ने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनु पर्नेछ। प्राईभेट लिमिटेड कम्पनी भए प्रचलित कानून अनुसार पब्लिक लिमिटेड कम्पनी हुन योग्य हुनु पर्ने एवम् पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण हुने प्रतिवद्धता जनाएको हुनु पर्नेछ।

(ङ) कम्पनीले शेयर लगानी गर्ने कम्पनीले प्रचलित कानून बमोजिम सर्वसाधारणका लागि शेयर निश्कासनको व्यवस्था गर्नु पर्नेछ।

१०.४ आयोजनाको प्रकृति र जोखिमको मात्रा समेतका आधारमा लगानी स्वीकृत गर्दा कम्पनीले अन्य थप शर्तहरु निर्धारण गर्न सक्नेछ।

१०.५ दफा १०.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक निकाय वा विदेशी

लगानीकर्तासँगको साझेदारीमा विकास गरिने जलविद्युत वा अन्य नवीकरणीय ऊर्जा आयोजनाका हकमा लगानीका शर्तहरु सोही साझेदारीमा उल्लेख भए बमोजिम हुने छन्।

## ११. कम्पनीबाट लगानी नहुने आयोजनाहरुः

११.१ देहायका आयोजनाहरुमा कम्पनीले स्वपूँजी वा कर्जा लगानी गर्ने छैनः

(क) एकजना मात्र प्राकृतिक व्यक्ति वा परिवारका सदस्यमात्र प्रमुख संस्थापक रहेको वा सञ्चालक समितिमा परिवारका सदस्यहरुको बहुमत संख्या रहेको कम्पनी वा त्यस्तो कम्पनीले विकास गर्ने आयोजना,

(यस प्रयोजनका लागि “परिवार” भन्नाले पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, बाबु, आमा, सौतेनी आमा, सासू, ससुरा, दाजु, भाउजू, भाइ, भाइ बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाँइ, साला, साली, नाति/नातिनी (छोरा वा छोरीका सन्तान) आदि सम्झनु पर्छ।)

(ख) एकलौटी व्यवसाय, सहकारी संस्था वा साझेदारी फर्मबाट विकास हुने आयोजना,

(ग) पच्चीस मेगावाट भन्दा कम क्षमताको जलविद्युत आयोजना (लगानी भइसकेका आयोजनाको क्यास्केड वा पूरक आयोजना बाहेक),

(घ) प्रचलित कानून बमोजिम बैंकको ऋण नतिरी कालोसूचीमा समावेश भएको व्यक्ति वा कम्पनी प्रमुख संस्थापक वा आधारभूत शेयरधनीको रुपमा संलग्न रहेको आयोजना (कालोसूचीमा बहाल रहेको अवस्थासम्म),

(ङ) प्रचलित कानून बमोजिमको नियामक निकायबाट कारवाही भएको व्यक्ति वा कम्पनी प्रमुख संस्थापक वा आधारभूत शेयरधनीको रुपमा संलग्न रहेको आयोजना (त्यस्तो कारवाही वहाल रहेको अवधिसम्म)।

११.२ सहवित्तीयकरणमा सहभागी भई वा सहवित्तीयकरणको नेतृत्व गरी कर्जा प्रवाह गर्दा आयोजनाको कूल लागतमा कूल कर्जाको अंश ८० प्रतिशत भन्दा बढी हुने आयोजनामा कम्पनीले कर्जा लगानी गर्ने छैन।

११.३ अन्य कुनै पनि बैंक वा वित्तीय संस्थामा निष्कृय कर्जा (Non-Performing Loan) मा वर्गीकरण भएको कर्जा तिर्ने प्रयोजनका लागि कम्पनीबाट कर्जा वा पूर्नकर्जा प्रदान गरिने छैन।

## १२. कर्जा स्वाप तथा पूर्नकर्जा सम्बन्धी व्यवस्थाः

१२.१ निर्माणको क्रममा रहेका वा निर्माण सम्पन्न भई सकेका परियोजनाले साविकमा अन्य बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा भूक्तानी गर्ने प्रयोजनका लागि कम्पनीले कर्जा स्वाप गरी लिन सक्नेछ।

१२.२ निर्माण सम्पन्न भई सञ्चालनमा रहेको र कर्जा चूक्ता भई सकेको (Debt Free) आयोजना र सोको नगद प्रवाहको धितोमा अर्को आयोजनाको निर्माणका लागि लगानी गर्न कम्पनीले पूर्नकर्जा प्रदान गर्न सक्नेछ।

१२.३ निर्माण सम्पन्न भई सञ्चालनमा आएको वा निर्माणको क्रममा रहेको आयोजनाको निर्माण अवधिको थप दायित्व भूक्तानीका लागि कम्पनीले एक्लैले वा सहवित्तीयकरणमा सहभागी भएर अल्पकालीन वा दीर्घकालीन कर्जा वा पूर्नकर्जा प्रदान गर्न सक्नेछ।

## १३. तरलता व्यवस्थापनः

१३.१ कम्पनीले आफ्नो कुल वित्तीय स्रोतको कम्तीमा पाँच प्रतिशत रकम तरल सम्पतिको रुपमा राख्न सक्नेछ। त्यस्तो तरल सम्पति तुरुन्तै नगदमा परिणत गर्न सकिने प्रकृतिका अल्पकालीन उपकरणहरुमा वा बढीमा एक वर्ष अवधिको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ।

१३.२ यस नीति अनुरुप कर्जा प्रवाह तथा लगानी गर्दा व्यवस्थापन गर्नुपर्ने तरलताको सीमा कोषको सम्पत्ति दायित्व समितिले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ।

१३.३ तरलताको सीमा निर्धारण गर्दा प्रत्येक महिनाको नगद प्राप्ति र नगद भुक्तानीको अनुमानका आधारमा कम्तीमा छ महिनाको दायित्व भूक्तानीका लागि आवश्यक तरलताको उपलव्धता सुनिश्चितता हुने गरी निर्धारण गर्नु पर्नेछ।

## १४. लगानी सम्बन्धी निर्णय प्रक्रियाः

१४.१ कम्पनीबाट कुनै पनि आयोजना वा कम्पनीमा गरिने लगानी सञ्चालक समितिबाट स्वीकृत हुनु पर्नेछ। तर, सञ्चालक समितिले आवश्यकता अनुसार निश्चित मापदण्ड, सीमा र शर्त तोकी लगानी स्वीकृत गर्ने प्रत्यायोजन गर्न सक्नेछ।

१४.२ लगानीका लागि प्रस्तावित आयोजनाको मूल्याङ्कन तथा विश्लेषणको मापदण्ड र लगानीको

निर्णय प्रक्रिया सञ्चालक समितिबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

१४.३ कम्पनीबाट लगानी भएका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

## १५. लगानी संरचनाः

१५.१ दीगो एवम् आकर्षक प्रतिफलको सुनिश्चितताका लागि आयोजनाहरुको शेयर तथा ऋणमा सन्तुलित रुपले लगानी गर्ने गरी दीर्घकालीन लगानी संरचना (Investment Portfolio) देहाय बमोजिम तयार गरिनेछः

| लगानी संरचना | अधिकतम |
|---|---|
| ऋण लगानी | कुल लगानीको ७५ प्रतिशतसम्म |
| शेयर लगानी | कुल लगानीको ३५ प्रतिशतसम्म |

१५.२ परिचालन भएको वित्तीय स्रोतको न्यूनतम ८० प्रतिशत रकम जलविद्युतसँग सम्बन्धित आयोजनामा लगानी गरिनेछ।

१५.३ जलविद्युतसँग सम्बन्धित आयोजनामा भएको कुल लगानी मध्ये न्यूनतम ७५ प्रतिशत जलविद्युत विकाससँग सम्बन्धित आयोजनामा र अधिकतम २५ प्रतिशतसम्म जलविद्युतको प्रशारण, वितरण तथा व्यापारसँग सम्बन्धित आयोजनाहरुमा लगानी गर्ने गरी पोर्टफोलियो व्यवस्थापन गरिनेछ।

## १६. लगानीको दीर्घकालीन तथा वार्षिक लक्ष्यः

१६.१ लगानीका अवसर र सम्भावनाको विश्लेषणका आधारमा लगानी र सोको संरचनाको दीर्घकालीन रणनीति र लक्ष्य निर्धारण गरिनेछ।

१६.२ कम्पनीको नगद प्रवाह, वित्तीय श्रोत परिचालनको सम्भावना, लगानीको प्रतिवद्धता समेतका आधारमा दीर्घकालीन लक्ष्य प्राप्ति हुने गरी लगानीको वार्षिक लक्ष्य निर्धारण गरिनेछ।

## १७. लगानी जोखिम व्यवस्थापनः

१७.१ कम्पनीबाट भएको वा हुने लगानीको जोखिम व्यवस्थापनको लागि सञ्चालक समितिले अलग्गै नीति तथा कार्यविधि तयार गरी लागू गर्नेछ।

१७.२ लगानीका सम्भावित जोखिमहरुको पूर्वानुमान, पहिचान र न्यूनिकरण गर्न कम्पनी भित्र आवश्यक संयन्त्र र संस्कृतिको विकास गरिनेछ।

## १८. कर्जा वर्गीकरण सम्बन्धी व्यवस्थाः

१८.१ कम्पनीबाट भएको कर्जा लगानीको कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकबाट बैक तथा वित्तीय संस्थालाई जारी भएको निर्देशनमा निर्धारित मापदण्ड बमोजिम हुनेछ।

## १९. खारेजी तथा बचाउः

१९.१. कम्पनीको Treasury and Investment Policy खारेज गरिएको छ।

१९.२. साविकको Treasury and Investment Policy अनुसार भएका सम्पूर्ण कार्यहरु यसै नीति अनुरुप भएको मानिनेछ।

१९.३. कम्पनीमा हाल प्रचलनमा रहेको ऋण तथा स्वपूँजी सम्बन्धी कार्याविधि यस नीति अन्तर्गत बनेको मानिनेछ। त्यस कार्यविधिमा उल्लेख भएको कुनै विषय यस नीतिसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१९.४. यस नीतिमा भएका व्यवस्थाहरु प्रचलित कानून, नेपाल सरकारको सम्बन्धित नीति कम्पनीको प्रवन्धपत्र तथा नियमावली एवम् नेपाल राष्ट्र बैंकको निर्देशनसँग बाझिएमा, बझिएको हदसम्म अमान्य हुनेछ।

## २०. संशोधन तथा पूनरावलोकनः

२०.१. सञ्चालक समितिले आवश्यकता अनुसार यस नीतिलाई संशोधन वा खारेज गर्न सक्नेछ।

२०.२. नेपाल राष्ट्र बैंकले कम्पनीको लगानी सम्बन्धमा कुनै निर्देशिका जारी गरेमा सो निर्देशिका अनुरुप हुने गरी यस नीतिमा संशोधन गरिनेछ।

## २१. व्याख्याः

२१.१. यस नीतिको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही सञ्चालक समितिले आवश्यक व्याख्या गरी प्रष्ट गर्न सक्नेछ।

२१.२. यस नीतिको व्यख्याको सम्वन्धमा सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।